स्थापना.२०४५सन १९८८ का.जि.द.न.१४९।०५३।०५४
# नेपाल मानव अधिकार संगठन
## Human Rights Organisation of Nepal
केन्दीय कार्यालय, अनामनगर, काठमाण्डौं (Central Office, Kathmandu)

**मति-२०७४/०६/२२**

# कुनै पनि वहानामा सशस्त्रद्धन्दका पिडक एवं आरोपितले उन्मुक्ति पाउन हुन्न ।

केही दिनयता (२०७४-६- १७ गते ) नेपालका दुई ठूला राजनीतिक दल माओवादी केन्दसमेत (वाम घटक) विचको गठवन्धन एवं तालमेलको सन्दर्भमा नागरिक समाज, मानवअधिकार समुदाय र १० वर्षे सशस्त्र द्धन्दका पिडितहरुका विच गठवन्धन पश्चात द्धन्द पिडितको न्यायको अवस्था के हुने भन्ने सन्दर्भमा उत्पन्न वहस एवं अन्योलप्रति नेपाल मानव अधिकार संगठनको गंभिर ध्यानाकर्षण भएको छ ।

२०५२ सालमा तात्कालिन नेकपा माओवादीले सुरुगरेको सशस्त्रद्धन्दका क्रममा १५०० वढी नागरिक वेपत्ता भएका ,१५००० वढी सर्वसाधाराण नेपालीको हत्या भएको ,८०० जना पूर्णरुपमा अपाङ्ग भएका , १०,००० वढीले विभिन्न चरणमा यातना पाएका र सर्वसाधारण नागरिकको ठूलो मात्रामा जमिन र सम्पति कव्जा भएको तथ्याङ्क सार्वजनिक छ । यसै विषयको निरोपणका लागि राज्यका तर्फवाट **सत्य निरोपण तथा मेलमिलाप आयोग र वेपत्ता छानविन आयोग** गठन भएका छन् र ती आयोगको कार्यकाल वाँकी नै छ ।

आज द्धन्द पिडित एवं उनका परिवारजन  राज्यवाट क्षतिपूर्ती, पिडकलाई कानूनी कारवाही र कव्जा जग्गा -सम्पती फिर्ता र पुनर्स्थापना लगायतको न्यायको पर्खाईमा छन् । हाल उत्पन्न कठिन परिस्थितिमा पनि सशस्त्र द्धन्दका कुनै पनि दोषीले उन्मुक्ति नपाउने र नेपाल भित्रै पिडितले न्याय पाउनु पर्ने, नपाए अन्तराष्ट्रिय कानून, प्रथाजनीति अन्तराष्ट्रिय कानून र परम्परा वमोजिम पिडित न्याय पाउने नै छन् । नेपाल मानव अधिकार संगठन यस विषयमा सम्वन्धित सवैको ध्यानाकर्षण गराउन चाहान्छ । साथै, **कुनै पनि वहानामा सशस्त्र द्धन्दका पिडक एवं आरोपितले उन्मुक्ति पाउन हुन्न भन्ने आफ्नो धारणा पुःन दोहोर्‍याउन चाहान्छ ।**

**ईन्द्र प्रसाद अर्याल**
**अध्यक्ष**

स्थापना.२०४५सन १९८८ का.जि.द.न.१४९।०५३।०५४

# नेपाल मानव अधिकार संगठन

# Human Rights Organisation of Nepal

केन्दीय कार्यालय, अनामनगर, काठमाण्डौं (Central Office, Kathmandu)